राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४५ २०८२ पुस १२ गते शनिवार (27 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## दलभन्दा माथि रहेर काम गर्छु : सभामुख यादव



दैनिक समाचारदाता

जनकपुरधाम,११ पुस । मधेश प्रदेशका सभामुख रामअशिष यादवले मधेश प्रदेश सरकारले प्रदेशमा सुशासनका साथै मधेश प्रदेशको समृद्धि र लोकतन्त्रको मजवुतिका लागि काम गरोस् भने मधेश प्रदेशसभा चाहेको बताउनुभएको छ ।

मधेश प्रदेशसभामा शुक्रबार सञ्चारकर्मीसँग भेट र सम्मानका लागि आयोजित कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो । उहाँले मधेश प्रदेशसभा र मधेश प्रदेश सरकारबिच मजबुत सम्बन्ध रहेको चर्चा गर्दै समाजिक न्यायका लागि प्रदेश सरकारले गर्ने कामकाजमा प्रदेशसभाको साथ सहयोग रहने उल्लेख गर्नुभयो ।

उहाँले सभामुख पद कुनै दल विशेषको नहुने भन्दै सभामुख भएपछि दलभन्दा माथि उठेर कामकाज गर्नुपर्ने उल्लेख गर्दै संविधानको परिधिमा रहेर संघीयता र लोकतन्त्रको रक्षाका लागि मधेश प्रदेशसभाले खेल्नुपर्ने भूमिकामा आफू पछि नपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा सभामुख यादवले मधेश प्रदेशलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दैआएका पत्रकारलाई डटपेन र डायरी प्रदान गर्दै गम्छा र फूलको माला लगाएर सम्मान गर्नुभएको थियो । कार्यक्रममा मधेश प्रदेशसभा सचिवालयका सचिव बासु कोइरालाले देशमा भएको विभिन्नखालको परिवर्तनमा पत्रकारको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै समाजमा रहेको विकृतिहरुको विरुद्धमा कलम चलाउन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।

## जनकपुरधाममा पर्यटकको भीड

# बजारमा आम्दानीको खडेरी

दैनिक समाचारदाता

जनकपुरधाम, ११ पुस । अंग्रेजी क्यालेन्डरअनुसार जनवरीदेखि मार्चसम्म जनकपुरधाममा पर्यटकहरूको उल्लेख्य भीडभाड हुने गर्दछ । ती पर्यटकहरूमध्ये सबैभन्दा बढी भारतीय पर्यटक रहने गरेका छन् । भारतका हरियाणा, पञ्जाब, दिल्ली, राजस्थान, बनारस तथा बिहारबाट ठूलो संख्यामा पर्यटक जनकपुरधाम आउने गर्छन् ।

भारतीयसहित स्वदेशी तथा विदेशी पर्यटकको आगमनका कारण जानकी मन्दिर, राममन्दिर, राजदेवी मन्दिर, दुल्हा-दुल्हिन मन्दिर, जानकी मण्डप, धनुषा जिल्लाको धनुषधाम, क्षीरेश्वरनाथ मन्दिर, कपिलेश्वर मन्दिर, कुपेश्वर मन्दिर तथा महोत्तरीको जलेश्वरस्थित जलेश्वरनाथ मन्दिरजस्ता धार्मिक स्थलहरू भरिभराउ देखिन्छन् । त्यस्तै, गंगासागर, धनुषसागर, अगराज सर, दशरथ तलाउलगायतका सरोवरहरूमा स्नान गर्ने पर्यटकहरूको पनि उल्लेख्य भीड रहने गरेको छ ।




जनकपुरधाम प्रवेश गरेपछि अधिकांश पर्यटकहरूले गंगासागर, धनुषसागर, दशरथ तलाउलगायतका सरोवरहरूमा स्नान गरी यहाँका प्रमुख धार्मिक मन्दिरहरूमा पूजापाठ गर्दै धार्मिक स्थलहरूको भ्रमण गर्ने गर्छन् । यद्यपि वर्षको करिब तीन महिना पर्यटकको संख्या उल्लेख्य रहे पनि स्थानीय बजारको आम्दानी अपेक्षाकृत रूपमा नबढेको व्यापारीहरू बताउँछन् ।

जनकपुरधाम धार्मिक पर्यटकीय स्थल हो भन्नेमा कुनै दुईमत छैन । तर भारतका पर्यटकीय स्थलहरूको तुलनामा यहाँ उपभोग्य सामग्री महँगो भएकाले भारतीय पर्यटकहरूले सीमित मात्रामा किनमेल गर्ने गरेको स्थानीयको भनाइ छ ।

नेपाल तथा अन्य मुलुकबाट आउने पर्यटकका कारण होटल तथा आतिथ्य व्यवसायमा केही वृद्धि भए पनि भारतीय पर्यटकबाट आम्दानीमा खासै प्रभाव नपरेको स्थानीय व्यापारी सुशान्त गुप्ता बताउँछन् । उनका अनुसार यहाँभन्दा सस्ता सामग्री भारतमै उपलब्ध भएकाले भारतीय पर्यटकहरूले जनकपुरधाममा खासै किनमेल गर्दैनन् । भारतीय पर्यटकबाट बढीमा चिया, बिस्कुट तथा केही खुद्रा पसललाई मात्र फाइदा पुग्ने गरेको र अन्य व्यापारीलाई उल्लेख्य लाभ नहुने उनको भनाइ छ ।

पर्यटनस्थलहरूको आफ्नै पहिचान र महत्व हुन्छ । जनकपुरधामको धार्मिक महत्व विशिष्ट छ । तर राज्यको पर्याप्त ध्यान नपुगेका कारण यहाँका पर्यटन क्षेत्रहरू अपेक्षित रूपमा फस्टाउन नसकेको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्ण

बाकी ४पृष्ठमा


## १२ जिल्लामा सीडीओ सरुवा




दैनिक समाचारदाता

काठमाडौं, ११ पुस । १२ जिल्ला प्रमुख जिल्ला अधिकारी (सीडीओ)हरू हेरफेर भएका छन् । गृह मन्त्रालयले शुक्रबार एक सूचना निकाल्दै १२ जिल्लाका सीडीओका साथै कारागार व्यवस्थापन विभागको महानिर्देशक हेरफेर भएको समेत जानकारी गराएको छ । जारी सूचना अनुसार कारागार व्यवस्थापन विभागमा शशीधर घिमिरेलाई पठाइएको छ । भोजपुरको सीडीओमा राजन पौडेललाई पठाइएको छ । पवर्तमा लक्ष्मीप्रसाद पौडेल, खोटाङमा रेखा कँडेल, प्युठानमा शान्ति राज प्रसाईंलाई पठाइएको छ ।

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## उपभोक्ता अधिकारको संरक्षण गरौं ।

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं ।
- कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं ।
- नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं ।
- वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर सुनिश्चित गरेर मात्र खरिद बिक्री गरौं ।
- वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं ।
- वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं ।
- निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं ।
- भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# नेपालमा 'धुरन्धर' को कमाइ साढे ८ करोड



काठमाडौं । अहिलेकै गति कायम रहे रणवीर सिंह स्टारर बलिउडको जासूस फिल्म 'धुरन्धर' ले नेपालमा १० करोड ग्रसको आँकडा पार गर्ने देखिएको छ । विहिबार दिउँसोसम्म फिल्मले सिनेपाः बक्सअफिसमा ८ करोड ५० लाख कमाएको छ ।

बलियो 'वर्ड अफ माउथ' को मद्दतमा क्रिसमस र आउने सप्ताहन्तमा फिल्मले राम्रै कमाइ गर्ने देखिन्छ । यो फिल्म 'स्त्री २' लाई उछिन्दै बुधबार भारतमा दोस्रो धेरै कमाउने हिन्दी फिल्म बनिसकेको छ ।



सन् २०२५ मा नेपालमा कमै विदेशी फिल्मले मात्र १० करोडको आँकडा पार गर्न सके । 'धुरन्धर' त्यो उपलब्धितर्फ अघि बढेको देखिन्छ ।

यो गति कायम रहे, यसले चाँडै विश्व बक्सअफिसमा १००० करोड भारुको आँकडा पार गर्ने निश्चित छ ।

भारतीय बक्सअफिसमा मंगलबारसम्म फिल्मको कूल कमाइ ६१९.३० करोड भारु छ । तेस्रो सातामा पनि फिल्मको कमाइमा भयंकर गिरावट देखिएको छैन ।

तेस्रो साताको शुक्रबार २३.७० करोड भारु, शनिबार ३५.७० करोड भारु, आइतबार ४०.३० करोड भारु, सोमबार १९.७० करोड भारु, मंगलबार २०.४० करोड भारु नेट कमाइ छ ।

फिल्मले भारतीय बक्सअफिसमा क्रिसमस छेकोमा अझै उछाल कमाइ गर्ने प्रक्षेपण छ । बलिउड ब्यापार विश्लेषक तरण आदर्शका अनुसार फिल्म त्यहाँको बक्सअफिसमा ७०० करोड भारुको कमाइतर्फ अघि बढेको छ ।

भारतीय विदेश मन्त्रालयले पाकिस्तानमा चलाएको 'धुरन्धर' नामक जासूसी अप्रेसनको कथा यसभित्र छ । फिल्मको शीर्ष भूमिकामा देखिएका रणवीर सिंहले भारतीय जासूसको भूमिका निर्वाह गरेका छन् । दर्शकले अक्षय खन्नालाई पाकिस्तानी राजनीतिज्ञ रहमान डकैतको रुपमा रुचाएका छन् ।

प्रशंसा र विवादसँगै फिल्मले विश्वब्यापी चर्चा पाएको छ । फिल्मले उत्तर अमेरिका क्षेत्रमा पनि उत्कृष्ट कमाइ गरेको छ । पाकिस्तान विरोधी कथावस्तु भएको जनाउँदै खाडी मुलुकहरूले भने फिल्मलाई प्रतिबन्ध लगाएका छन् ।

फिल्मको भाग २ मार्च २०२६ मा रिलिज हुने अपेक्षा छ ।

**'अवतार ३' को नेपाल कमाइ ४ करोड नजिक**

जेम्स क्यामरुन निर्देशित चर्चित हलिउड फिल्म 'अवतार : फायर एन्ड यश' ले विहिबारसम्म नेपालमा ३ करोड ८४ लाख नेरु ग्रस कमाएको छ । क्रिसमस र आउने सप्ताहन्तमा फिल्मको कलेक्सन ४ करोड नाघ्नेछ । यो फिल्मले के नेपालमा ५ करोडको लाइफटाइम कलेक्सनको आँकडा पार गर्ला, यो चाहिँ पर्खाइको विषय बन्नसक्छ ।

# फिल्मको डिजिटल व्यवसाय थाल्दै अभिनेत्री बेनिशा



काठमाडौँ । अभिनेत्री बेनिशा हमालले फिल्मको डिजिटल व्यवसाय सुरु गर्ने भएकी छन् ।

उनले आफ्नो कम्पनी मौरी पिक्चर्समार्फत फिल्मको डिजिटल कारोबार गर्न लागेकी हुन् । सामाजिक सञ्जालमा एक पोस्ट गर्दै उनले आफूले फिल्मको डिजिटल कारोबारको नयाँ यात्रा थाल्न लागेको जानकारी दिएकी हुन् ।

प्रदर्शनको तयारीमा रहेको फिल्म 'द ब्लु लाइट' मार्फत एक्जिक्युटिभ प्रोड्युसरको रूपमा नयाँ अध्यायसमेत सुरु गरिसकेको जानकारी दिएकी उनले यसलाई निर्माताको रूपमा आफ्नो पहिलो कदम पनि भनेकी छन् । 'सन् २०२५ को अन्त्यसँगै म एउटा नयाँ यात्रातर्फ अगाडि बढ्दै छु । मेरो कम्पनी मौरी पिक्चर्समार्फत अब फिल्महरूको डिजिटल अधिकार लिन सुरु गर्ने निर्णय गरेको छु । यो मेरो लागि एक नयाँ सुरुवात हो,' उनी अगाडि लेख्छिन्, 'नयाँ सुरुवात सधैं अलमल र अनिश्चितताले भरिएको हुन्छ, तर त्यससँगै एउटा फरक उत्साह पनि हुन्छ । मलाई थाहा छ, यो यात्रा सजिलो हुनेछैन र रातारात सफलता पनि आउने छैन । तर, म आशावादी छु, यो यात्राले मलाई धेरै कुरा सिकाउनेछ र फिल्म मेकिङको यात्रामा अझ अगाडि बढ्न मद्दत गर्नेछ ।'उनले यो उद्योगमा लामो समय बिताउँदा धेरै कुरा सिकेकोले फिल्ममार्फत केही योगदान दिनु आफ्नो कर्तव्यसमेत भएको बताएकी छन् । उनी भन्छिन्, 'नयाँ यात्राले नयाँ चुनौतीहरू ल्याउँछ, तर यस घडीमा हजुरहरूको माया, समर्थन र प्रोत्साहनको अपेक्षा गर्दछु ।'

कविता

## ठमकल समय



अशोक दत्त

विधुआएल घरक देहरि
सिसकीमे बदलल
घरक चुहचुही
आ ओहि बीच
रुसल जिनगी आ
अट्टहास क रहल मृत्यु अइछ,
जिनगी आ मृत्युक बीच
आरोह अवरोहक क्रममे
चैलत साँस संग किछ स्मृति
सिनेमाक दृश्य जेकाँ
देखाइत अइछ
किछ ममता
किछ आशीर्वाद
किछ प्रेम
किछ उपहास
किछ स्वीकार
किछ तिरस्कार
किछ सम्मान
किछ अपमान ।
घरक दिवालपर लटकल
स्मृति शेष प्रमाण-पत्र
सम्मान आ पुरस्कारक
सदिखन मुँह दुसैत लगैए,
भोरसँ साँझ तक
घरपर लागल रहएबला
आवाजाही आब अतीतक
दृश्य अइछ
आब त असगर
अपन असफलताक गुनधुन्नी बीच
सिसकैत समय
पहाड जेकाँ जर बनल अइछ
कहियो नदीक प्रवाह जेकाँ
रहैत समय अखन
गर्मी मासक सुक्खाग्रस्त पोखरिमे
थोडेक बँचल जमकल पानि जेकाँ
मात्र दुइए बरखमे !
परिवारजन आ
इष्ट-मित्रक शुभेच्छा
कखनोकाल उकसबैत अइछ
जे कहूँ समय
किछ हदतक बदलत फेर
हमरा लेल
सायद ओहि शुभचिन्तकसभक
आशीर्वाद, स्नेह, सहयोगसँ
रुसल जिनगी आ
अट्टहास क रहल मृत्यु बीच
त्रिशंकु जेकाँ लटकल अवस्थाकेँ
भेटतै धरातल
ताहि प्रतीक्षामे
स्मृतिशेष संग
उज्जी-उज्जीक खेल जेकाँ
उगैत-डुबैत अइछ समय ! *सामाजिक सञ्जालबाट*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

| एम्बुलेन्स | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

| प्रहरी कार्यालय | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

| अस्पतालहरू | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

| महत्वपूर्ण कार्यालयहरू | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मान्छेले भन्दा धेरै पानी पिउँदै एआई, वार्षिक ७ खर्ब लिटर



मोबाइलको स्क्रिनमा औँलाहरू चल्छन्, एउटा प्रश्न टाइप हुन्छ र केही सेकेन्डमै जवाफ स्क्रिनमा देखिन्छ । आजको समयमा आर्टिफिसियल इन्टेलिजेन्स हाम्रो जीवनको यति अभिन्न हिस्सा बनिसकेको छ कि हामी यसका नकारात्मक पक्ष पनि छन् कि भन्नेबारे सोच्न समेत छोडिसकेका छौँ । तर जसलाई हामी स्मार्ट, छिटो र भविष्यको प्रविधि ठानिरहेका छौँ, त्यही एआईले चुपचाप पृथ्वीको पानी रित्याइरहेको छ ।

एआईले पिइरहेको पानी यति ठूलो मात्रामा छ कि यसका जोखिमहरू देखिन थालिसकेका छन् । अनि एआईले गर्ने जलविनास र त्यसको नियन्त्रणको विकल्पका विषयमा बल्ल गम्भीर बहस चल्न थालेको छ।

हालैको एक अनुसन्धानले देखाए अनुसार विश्वमा एक वर्षमा मानिसले खपत गर्ने बोतलबन्द पानीभन्दा आर्टिफिसियल इन्टेलिजेन्स सिस्टमहरू बढी पानी खपत गर्दछन् ।

***मानिसले भन्दा धेरै पानी पिउँदै एआई***

वास्तवमा एआई प्रविधि कुनै हावामा चल्ने जादु होइन । यसका पछाडि ठूला-ठूला डेटा सेन्टरहरू छन् जहाँ हजारौँ सर्भरहरू दिन रात चलिरहन्छन् । यी सर्भरहरू सञ्चालन हुँदा स्वभाविक रूपमा धेरै तात्ने गर्छन् । अनि उक्त ताप नियन्त्रण गर्न अर्थात् सर्भर चिस्याउनका लागि ठूलो मात्रामा पानी प्रयोग गरिन्छ।

त्यही पानी नै वास्तवमा एआई सञ्चालनका लागि चाहिने इन्धन हो । तर यसबारे आम प्रयोगकर्तालाई प्रायः जानकारी हुँदैन । एक अनुसन्धान अनुसार हाल एआई सम्बन्धित सिस्टमहरूले एक वर्षमा ३०० देखि ७०० अर्ब लिटर पानी खपत गर्छन् । यो मात्रा संसारभर एक वर्षमा बिक्री हुने बोतलबन्द पानीभन्दा पनि बढी हो । अर्थात् मानिसहरूले किनेर पिउने पानीभन्दा बढी पानी एआईका मेसिनहरूले चुपचापरूपमा रित्याइरहेका हुन्छन् ।

***पानी मात्र होइन, बिजुली पनि***

एआई डेटा सेन्टरहरूले व्यापक रूपमा पानी मात्र खपत गर्दैनन् ती चलाउनका लागि ठूलो मात्रामा बिजुली चाहिन्छ । यसरी धेरै उर्जा खपत हुनुको अर्थ हो अधिक कार्बन उत्सर्जन ।

एक प्रक्षेपण अनुसार भविष्यमा एआईबाट उत्पन्न हुने कार्बन फुटप्रिन्ट धेरै ठूला शहरहरूको वार्षिक प्रदूषण बराबर हुन सक्छ । तर यसबारे खुला रूपमा कमै चर्चा हुन्छ किनकि अधिकांश ठूला प्रविधि कम्पनीहरूले आफ्ना डेटा सेन्टरहरूको वास्तविक पानी र बिजुली खपत सार्वजनिक गर्दैनन् ।

रोचक त के भने हामीलाई आफूले एआई च्याटबोटमा गर्ने एउटा प्रश्न सानो लाग्न सक्छ । तर यसको यसर भने थुप्रिँदै जान्छ । जब करोडौँ मानिसहरूले दैनिक रूपमा यसैगरी एआई टुलहरू प्रयोग गर्छन् तब पानी खपतको स-सानो हिस्सा जोडिँदै अरबौँ लिटरमा पुग्छ । त्यसैले यदि कुनै व्यवस्थित योजनाबिना नै एआईको विस्तार यसैगरी अघि बढिरह्यो भने त्यसबाट भविष्यमा पानीको अभाव झन् गहिरिने चेतावनी विज्ञहरूले दिन थालेका छन् ।

विश्व धेरै अघिदेखि नै जल संकटसँग जुधिरहेको छ । विश्वका धेरै शहर तथा गाउँहरूमा पानीको अभाव छ र सीमित आपूर्ति छ । भूमिगत जलस्तर घट्दै गएको छ र जलवायु परिवर्तनले अवस्थालाई थप जर्जर बनाइरहेको छ । यस्तो अवस्थामा एआईको बढ्दो पानी खपतले नयाँ र गम्भीर प्रश्न खडा गरेको छ । विज्ञहरू भन्छन्- हामीले भविष्यका पुस्ताको पानीबाट एआई प्रविधिको मूल्य चुकाइरहेका छौँ ।

एआईका यस्ता गम्भीर वातावरणीय जोखिम हुँदाहुँदै पनि यसलाई रोक्न सम्भव छैन । एआई प्रविधिलाई रोक्न आवश्यक पनि हुँदैन । तर यसमा जिम्मेवारी जवाफदेहिता र संवेदनशीलता भने अपरिहार्य बनिसकेको छ । अब एआईको स्मार्ट फिचर र तीव्र जवाफबाट खुसी भएर मात्र पुग्दैन । एआइले कति पानी प्रयोग गरिरहेको छ, कहाँबाट लिइरहेको छ र यसको जिम्मेवारी कसले लिने ? भन्ने विषयमा विश्वमा एउटा नयाँ नियम बन्नु आवश्यक छ ।हुनत कतिपय एआई कम्पनीहरूले पानी र बिजुली खपत घटाउने उपायहरूमा काम गरिरहेका छन् । अब चाहिँ यस विषयमा पारदर्शीता र जिम्मेवारी झनै आवश्यक भइसकेको छ ।

*(एजेन्सी)*

# अब बदल्न सकिनेछ जिमेलको ‘युजरनेम’




सायद तपाईं अहिले पनि आफ्नो स्कुल वा कलेज जीवनमा खोलेका जिमेल खाता नै प्रयोग गर्नुहुन्छ होला । उमेरको कुनै कालखण्डमा सिर्जना गरेको त्यो इमेलमा तपाईंले फरक खालको युजरनेम राख्नुभएको हुनसक्छ । त्यो जिमेल अकाउन्ट अहिले आफ्नो अफिसियल वा अन्य कार्यका लागि प्रयोग गर्नुपर्दा कहिलेकाहीँ त्यसको इमेल एड्रेस अर्थात युजरनेमका कारण निकै अप्ठेरो महसुस हुने गर्दछ ।

आफ्नो जीवनको हिस्सा बनिसकेको जिमेल एड्रेसलाई छाड्न पनि मन नलाग्ने तर त्यसको युजरनेमका कारण प्रयोग गर्न पनि नसक्ने द्विविधाग्रस्त अवस्थाबाट गुज्रिनुभएको हुनसक्छ । यदि त्यस्तो हो भने अब खुसीको खबर छ।

गुगलले अब नयाँ जिमेल अकाउन्ट नबनाई आफ्नो पूरानो जिमेल एड्रेस परिवर्तन गर्न सकिने फिचर ल्याउने तयारी गरिरहेको छ । यो सुविधा आगामी वर्ष सन् २०२६ को अन्त्यसम्ममा विश्वव्यापी रूपमै उपलब्ध गराउने योजना गुगलको छ ।

अहिलेसम्म प्रयोगकर्ताको गुगल अकाउन्ट एउटा इमेल ठेगानासँग जोडिएको हुन्छ जसलाई परिवर्तन गर्न सकिँदैन । त्यसैले व्यवसायिक जीवनमा असहज लाग्ने नाम राखिएको मेल आइडी बदल्न चाहने प्रयोगकर्ताले अर्को छुट्टै नयाँ अकाउन्ट बनाउनुपर्ने बाध्यता थियो । जसका कारण आफ्नो पूरानो जिमेल अकाउन्टमा रहेका वर्षौंको इमेल, फाइल र अन्य महत्वपूर्ण डेटा पूरानै अकाउन्टमा छाड्नुपर्ने अवस्था थियो।

प्रविधि समाचारसम्बन्धी वेबसाइट नाइन टू फाइभ गुगलले प्रकाशित गरेको रिपोर्टअनुसार गुगलले हालै आफ्नो सपोर्ट डकुमेन्ट अपडेट गरेको छ । उक्त डकुमेन्टमा प्रयोगकर्तालाई आफ्नो जिमेल एड्रेस परिवर्तन गर्न अनुमति दिने नयाँ प्रणालीको उल्लेख गरिएको छ । खुसीको कुरा त के भने यसरी जिमेल एड्रेस परिवर्तन गर्दा प्रयोगकर्ताको कुनै पनि पुरानो डाटा वा इमेल डिलिट हुने छैन ।

गुगलको सपोर्ट पेज अनुसार, यो फिचर लागू भएपछि प्रयोगकर्ताले आफ्नो विद्यमान गुगल अकाउन्टसँग जोडिएको जिमेल एड्रेसको युजरनेम बदल्न सक्नेछन् । जसअनुसार पुरानो इमेल एड्रेसले उपनामको रूपमा काम गर्नेछ । यसका कारण प्रयोगकर्ताले नयाँ र पुरानो दुवै एड्रेस प्रयोग गरेर अकाउन्टमा लग इन गर्न सक्नेछन् । साथै पुरानो एड्रेसमा आएका सबै इमेल सुरक्षित रूपमा प्राप्त हुनेछन् ।

तर, यो सुविधामा केही कडा सीमाहरू पनि तोकिएका छन् । प्रयोगकर्ताले १२ महिनामा एक पटक मात्र जिमेल एड्रेस परिवर्तन गर्न पाउनेछन् । जीवनभरमा अधिकतम तीन पटक मात्रै एड्रेस परिवर्तन गर्न सकिने व्यवस्था गरिएको छ । त्यसैले यो सुविधा प्रयोग गर्दा सोचविचार गरेर मात्रै नयाँ युजरनेम छनोट गर्नुपर्नेछ।

हालसम्म यो फिचर सार्वजनिक रूपमा उपलब्ध भइसकेको छैन । तर गुगलका आधिकारिक सपोर्ट डकुमेन्टमा यसको उल्लेख हुनुबाट कम्पनी यसमा सक्रिय रूपमा काम गरिरहेको संकेत मिल्छ । प्रविधि विज्ञहरूका अनुसार यो सुविधा आगामी वर्षबाट चरणबद्ध रूपमा विश्वभर लागू हुन सक्नेछ।

यदि यो योजना कार्यान्वयनमा आयो भने वर्षौंदेखि आफ्नो पुरानो र अव्यवसायिक जिमेल एड्रेस प्रयोग गर्न बाध्य प्रयोगकर्ताका लागि यो ठूलो राहत हुने विश्वास गरिएको छ।

एजेन्सी

# अमेरिकाले किन बनाउँदैछ प्रविधि दस्ता ?

अमेरिकाको ट्रम्प प्रशासनले संघीय सरकारको प्रविधि क्षमता सुदृढ गर्ने उद्देश्यसहित ‘यूएस टेक फोर्स’ नामक महत्वाकांक्षी कार्यक्रम सुरु गरेको छ ।

राष्ट्रपति ट्रम्पले राष्ट्रिय एआई नीतिसम्बन्धी कार्यकारी आदेशमा हस्ताक्षर गरेसँगै उक्त प्रविधि दस्ता गठनको कार्य अघि बढाइएको हो ।

सरकारले अघि सारेको यस योजनाअन्तर्गत करिब एक हजारजना इन्जिनियर, डेटा वैज्ञानिक र प्रविधि विज्ञलाई दुई वर्षे करारमा विभिन्न सरकारी निकायमा खटाइनेछ ।

उनीहरुले कृत्रिम बुद्धिमत्ता (एआई), साइबर सुरक्षा, सफ्टवेयर विकास र सरकारी डेटा प्रणालीको आधुनिकीकरणमा काम गर्नेछन् ।

अमेरिकी प्रविधि दस्तामा छनोट भएका विज्ञहरूले सम्बन्धित सरकारी एजेन्सीका प्रमुखलाई प्रत्यक्ष रिपोर्ट गर्नेछन् । उनीहरूलाई निजी क्षेत्रका दिग्गज प्रविधि कम्पनीसँग सहकार्य गर्दै काम गर्ने अवसर पनि दिइनेछ ।

यस्तो अभ्यासले सरकारी परियोजना हरुमा निजी क्षेत्रको नवीन सोच र व्यवहारिक सीप भित्र्याउन मद्दत गर्ने विश्वास ट्रम्प प्रशासनको छ ।उक्त कार्यक्रम अन्तर्गत अमेजन वेब सर्भिसेज, एप्पल, गुगल, माइक्रोसफ्ट, एनभिडिया, ओपनएआई, ओरेकल, पालान्टिर र सेल्सफोर्सजस्ता विश्वकै ठूला प्रविधि कम्पनीहरू सहभागी छन् । यी कम्पनीहरूले प्रविधि, तालिम र परामर्शमार्फत सरकारी परियोजनालाई सहयोग गर्नेछन्। केही कम्पनीहरूले आफ्ना कर्मचारीलाई अस्थायी



रूपमा सरकारी सेवामा पठाउने तयारी पनि देखाएका छन् ।

***तलब सुविधा कति ?***

टेक फोर्समा छनोट हुने विज्ञले वार्षिक करिब डेढ लाखदेखि २ लाख अमेरिकी डलरसम्म तलब पाउने अनुमान गरिएको छ । यसका अतिरिक्त तालिम, नेटवर्किङ र करियर विकासका अवसर पनि उपलब्ध हुनेछन् ।

दुई वर्षे कार्यकाल पूरा भएपछि सहभागीहरू निजी क्षेत्रका साझेदार कम्पनीहरूमा स्थायी रोजगारीका लागि आवेदन दिन सक्नेछन्, जहाँ उनीहरूलाई प्राथमिकता दिने प्रतिबद्धता जनाइएको छ ।

***किन आवश्यक ठानियो प्रविधि दस्ता ?***

पछिल्ला रिपोर्टहरुका अनुसार अमेरिकी संघीय प्रणालीमा प्रविधि जनशक्तिको कमी देखिँदै आएको छ । एआई र डिजिटल सेवाको तीव्र विकाससँगै सरकारी संरचना पछाडि परिरहेको अवस्थामा टेक फोर्सलाई छिटो समाधानको रूपमा अघि सारिएको हो । यस पहलमार्फत अमेरिकाले प्रविधि प्रतिस्पर्धामा चीनलाई चुनौती दिन र राष्ट्रिय सुरक्षासँग जोडिएका डिजिटल क्षमताहरू बलियो बनाउन चाहन्छ ।यद्यपि उक्त कार्यक्रमको स्वागतसँगै केही आलोचना पनि भएका छन् । विज्ञहरूले निजी कम्पनीको प्रत्यक्ष संलग्नताले स्वार्थको द्वन्द उत्पन्न हुने जोखिम बढ्न सक्ने चेतावनी दिएका छन् ।

साथै दुई वर्षे करार प्रणालीले दीर्घकालीन संस्थागत क्षमता निर्माणमा खासै प्रभाव नपार्ने आशंका पनि गरिएको छ । यसअघि सरकारी डिजिटल सेवासँग सम्बन्धित केही संरचना कटौती गरिएकाले अहिलेको योजना अस्थायी समाधान मात्र हुनसक्ने चिन्ता व्यक्त गरिएको छ ।

***अन्तर्राष्ट्रिय र दीर्घकालीन प्रभाव***

अमेरिकी प्रविधि दस्ताले विश्वव्यापी प्रविधि प्रतिभा बजारमा पनि प्रभाव पार्ने अपेक्षा गरिएको छ । उच्च तलब र प्रतिष्ठित सरकारी अनुभवका कारण अन्तर्राष्ट्रियस्तरका प्रविधि विज्ञहरू अमेरिकी प्रविधि उद्योगमा आकर्षित हुन सक्ने विश्लेषण गरिएको छ ।

उक्त कार्यक्रमलाई अमेरिकी सरकारी प्रविधि प्रणालीको आधुनिकीकरणमा ठूलो प्रयास मानिए पनि यसको वास्तविक सफलता पारदर्शिता, कार्यान्वयन र दीर्घकालीन नीतिगत प्रतिबद्धतामा निर्भर रहने विज्ञहरुको विश्लेषण छ ।

# चिसोका कारण अस्पतालमा बिरामीको चाप

दैनिक समाचारदाता

बर्दिवास, ११ पुस। मधेशमा बढ्दै गएको शीतलहरको प्रभाव स्वास्थ्य क्षेत्रमा देखिन थालेको छ। चिसो हावा, बाक्लो हुस्सु र सिरेटो जाडोका कारण बिरामीको सङ्ख्या बढ्दै गएको बर्दिवास तथा जलेश्वरस्थित अस्पतालले जनाएका छन्।

जाडोबाट सबैभन्दा बढी वृद्धवृद्धा र नाबालक प्रभावित छन्। बर्दिवास अस्पतालमा अहिले चिसोबाट पीडित दैनिक ७० जनाभन्दा बढी बिरामी आउने गरेको अस्पतालले जनाएको छ। जाडो बढेदेखि रुघाखोकी र निमोनियाका दैनिक ४० बढी बिरामी आउने गरेको अस्पतालका डा. रितेस घिमिरेले बताउनुभयो। त्यसपछि दम, श्वासप्रश्वास र हाडजोर्नीका ३० भन्दा बढी बिरामी आउने गरेका छन्। मुटुको समस्या लिएर आउनेको सङ्ख्या पनि बढ्दै गएको उहाँले




बताउनुभयो।

डा घिमिरेका अनुसार शीतलहरको मौसम मुटुरोगीका लागि प्रतिकूल हुने हुँदा अहिले दैनिक पाँच-सात जना मुटुका बिरामी असपताल आउने गरेको उहाँले बताउनुभयो।

त्यस्तै जलेश्वरस्थित प्रादेशिक अस्पतालमा पनि चिसोबाट हुने बिरामीको सङ्ख्या बढ्दै गएको छ। अस्पतालका डा. विकास शाहका अनुसार अहिले ज्येष्ठ नागरिकमा रक्तचाप, कठ्याङ्ग्रिने र श्वासप्रश्वासको समस्या बढेको छ। बालबालिकामा रुघाखोकी, निमोनियालगायत भाइरल सङ्क्रमणको समस्या देखिएको छ।

डा. शाहले भन्नुभयो, “जाडो बढेसँगै जलेश्वरस्थित प्रादेशिक अस्पतालको बहिरंग सेवा (ओपिडी) मा ८० देखि ९० जना र आकस्मिक कक्षमा २० देखि २५ जना गरी दैनिक सयभन्दा बढी बिरामी आउने गरेका छन्।” यसबेला निःशुल्क औषधीको अभावले बिरामीलाई थप समस्या पारेको छ। प्रादेशिक अस्पतालमा निःशुल्कमध्येका करिब ५० प्रतिशत मात्र औषधी उपलब्ध रहेको डा. शाहले जनाउनुभयो। बर्दिवास अस्पतालमा भने भर्खरै औषधी आएकाले जाडोका बिरामीलाई खासै समस्या नभएको डा. घिमिरेले बताउनुभयो।मधेश प्रदेश स्वास्थ्य तालिम केन्द्रका डा. राजीव झाका अनुसार शीतलहरको समयमा शरीरको तापक्रम अत्यधिक घट्दा ‘हाइपोथरमिया’ हुने जोखिम बढ्छ। यस समयमा श्वासप्रश्वासको सङ्क्रमण, दम, रुघाखोकी, रक्तचाप बढ्ने, कान दुख्ने, भाइरल सङ्क्रमणको जोखिम जस्ता समस्या देखिन सक्छन्। हाइपोथरमियाबाट बच्न अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कन, शरीर न्यानो राख्न र झोलिलो तथा पोसिलो खानपानमा ध्यान दिनुपर्ने डा. झाको सुझाव छ।

# विशेष महाधिवेशन अनिवार्य बन्यो : गगन थापा



दैनिक समाचारदाता

काठमाडौं, ११ पुस। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विशेष महाधिवेशन अनिवार्य बनेको बताएका छन्। विशेष महाधिवेशन पक्षधरले पेश गरेको स्मरणपत्र बुझ्दै महामन्त्री थापाले विधान नमान्ने सुविधा कसैलाई नरहेको बताए।

महममन्त्री थापाले स्मरणपत्र कार्यसम्पादन समितिको बैठकमा जानकारी गराउने बताए। ‘पार्टीको विधानभन्दा माथि हामी कोही पनि छैनौं। विधान नमान्ने सुविधा कसैलाई पनि छैन,’ महामन्त्री थापाले भने।

विधानको १७ (२) अनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले लिखित हस्ताक्षर पेश गरेको तीन महिनाभित्र विशेष महाधिवेशन माग गर्नुपर्ने व्यवस्था छ। त्यही व्यवस्था अनुसार २९ असोजमा २४८८ प्रतिनिधिको हस्ताक्षर सहित कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई विशेष महाधिवेशन माग गरेको प्रस्ताव पेश गरिएको थियो।

केन्द्रीय कार्यालयमा महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले स्मरणपत्र बुझेका थिए। स्मरणपत्र बुझेपछि प्रतिक्रिया दिँदै महामन्त्री थापाले जारी कार्यसम्पादन समितिको बैठकमा यो विषयलाई जानकारी गराउने बताए।

‘विशेष महाधिवेशन अब केन्द्रीय कार्यसमिति भित्रको अनिवार्य जिम्मेवारी भित्र पर्दछ। यो ऐच्छिक विषय रहेन। १५ औं महाधिवेशन भएको भए यो मागको आफैं सार्थकता सकिन्थ्यो,’ महामन्त्री थापाले विशेष महाधिवेशन मागकर्तालाई भने, ‘तपाईंको मागलाई सम्बोधन गर्नु अनिवार्य हुन्छ। यो अनिवार्य विषयमा केन्द्रीय समितिले कसरी काम गर्ने विषयलाई बैठकमा राख्छौं।’

विशेष महाधिवेशन पक्षधरले नियमित महाधिवेशन भयो भने विशेषको माग स्वतः निष्क्रिय हुने बताएका थिए। विधानको कार्यान्वयन गर्नु दुई महामन्त्रीकै कर्तव्य हुने अर्का महामन्त्री शर्माले बताए। उनले भने, ‘यो मागमा कार्यसम्पादन समितिले उपयुक्त निर्णय गरेर अघि बढ्नुपर्दछ।’

## आमनिर्वाचन कांग्रेसको पहिलो प्राथमिकता हो: सभापति देउवा



दैनिक समाचारदाता

काठमाडौं, ११ पुस। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो पार्टी आगामी फागुन २१ गते हुने निर्वाचनमा भाग लिने तयारीमा जुटिसकेको बताउनुभएको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग आज आफ्नै निवासमा भएको भेटमा उहाँले निर्वाचनमा भाग लिने निर्णय आफ्नो पार्टीले गरेको र कांग्रेसको प्राथमिकतामा पनि निर्वाचन नै भएको बताउनुभयो।

साथै सभापति देउवाले स्वतन्त्र एवं निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्न सरकारले उचित वातावरण बनाउनुपर्ने सुझाव दिनुभएको राजनीतिक संवाद समितिका सदस्यसमेत रहनुभएका मन्त्री खरेलले बताउनुभयो।

## बजारमा.....

बताउँछन्। उनका अनुसार स्थानीय उत्पादनलाई धार्मिक महत्वसँग जोडेर व्यवसायीकरण गर्न सके जनकपुरधाममा पर्यटकबाट आम्दानीका थप स्रोतहरू सिर्जना हुन सक्ने। तर त्यसतर्फ राज्य र स्थानीय तह दुवै उदासीन रहँदा भारतीय पर्यटकबाट खासै लाभ लिन नसकिएको उनको धारणा छ।

उनले भने, “जनकपुरधाम जानकी मन्दिरकै महत्वका कारण चिनिन्छ। जानकी मन्दिरको प्रसादका रूपमा स्थानीय उत्पादनलाई विकास गरी व्यवसायीकरण गरिएको भए यहाँका व्यवसायीहरू फस्टाउने थिए। तर यस विषयमा राज्य र स्थानीय तह दुवैको उदासीनता देखिन्छ।”

पर्यटकीय सवारी साधनबाट राज्यको राजस्वमा आम्दनी बढेपनि स्थानीय व्यवसायी फस्टाउनका लागि राज्यले स्वयं गम्भीरता देखाउन आवश्यक छ।

# हिन्दु विरोधी अभिव्यक्तीका कारण राजविराजमा तनाव

दैनिक समाचारदाता

सप्तरी, ११ पुस। हिन्दुधर्मावलम्बीको आस्थालाई चोट पुर्याउने गरी मुस्लिम समुदायका व्यक्तीले दिएको अभिव्यक्तीका कारण विगत दुई दिन देखी राजविराजमा तनावग्रस्त रहेको छ।

दुई दिन यता हिन्दुधर्मावलम्बीका युवाहरुद्वारा चर्को विरोध प्रर्दशन भईरहेको छ भने आपसी सदभाव भडकिने सम्भावना समेत बढ्दै गएको छ। यसैक्रममा शुक्रबार हिन्दु सम्राट सेना र बजरंग दल सप्तरीले राजविराज बजार बन्द गराएका छन।

विहाने देखी सडकमा भेला भएका हिन्दुवादी संगठनका युवाहरुले ठाउँ ठाउँमा टायर बालेका छन भने सडकमा बाँसको ढाट लगाएर आवागमन ठप्प पारेका छन। आन्दोलनकारीहरुको प्रर्दशन र सुरक्षालाई ध्यानमा राख्दै सप्तरी जिल्ला अदालतले सुचना टाँस गरेर एक दिनका लागी सेवा रोकिएको जानकारी गराएका छन।हिन्दु देवी देउता उपर समाजिक सञ्जाल मार्फत गलत टिप्पणी गर्ने ब्यक्ती उपर कडा कारवाहीको माग गर्दै हिन्दुवादी संगठनका युवाहरुले बजार समेत बन्द गराएका छन।

राजविराज १ निवासी अफरोज आलमले समाजिक सञ्जाल मार्फत हिन्दु धर्म तथा देवी देउतामाथी अभद्र टिका टिप्पणी गरेको भन्दै हिन्दु युवाहरु आन्दोलित भएका हुन। हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष



सुरेन्द्र दासले आलमलाई पक्राउ गरी कारवाही नगरे सम्म आन्दोलन न रोकिने बताएका छन। आलमले भने ३ वर्ष अघि भुलवस समाजिक सञ्चाल मार्फत त्यस्तो टिका टिप्पणी पोस्ट हुन गएको भन्दै क्षमा याचना गरेका छन। उनले समाजिक सञ्जाल मार्फत नै आइन्दा यस्तो गल्ती नदोहर्याउने प्रतिबद्धता समेत व्यक्त गरेका छन।

उनले ३ वर्ष अघि भुलवस गरिएको पोष्टलाई लिएर पटक/पटक क्षमायाचना मागी सकेको भएपनि अहिले भाइरल गरेर विवाद चर्काउने खोजिएको गुनासो गरेका छन। हिन्दुवादी संगठनहरुले भने आलमलाई पक्राउ गरी कारवाही नगरेसम्म आन्दोलन नरोकिने अडान लिएका छन। आन्दोलन चर्कीदै जाँदा आपसी सदभाव बिथोलिने सम्भावना देखेर दुवै धर्मावलम्बीका अगुवा र आन्दोलनरत पक्ष संग छलफल गरी समस्या समाधानको प्रयास भईरहेको स्थानीय प्रशासनले जनाएको छ।







‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४